# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ४) तिलोत्तमा, साउन महिना ३० गते २०७७ साल (संख्या ७**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको कार्यविधि नं. ४**

**कार्यविधिको नाम : पत्रकार डायलसन अधिकारी स्मृति पत्रकारिता पुरस्कार छनौट तथा वितरण कार्यविधि, २०७७**

**प्रस्तावना :** तिलोत्तमा नगरपालिकाले २०७६ असोज ९ गते सम्पन्न गरेको तिलोत्तमा लगानी सम्मेलनको प्रचार-प्रसारका लागि पूर्वी जिल्ला पुगेको टोली सवार गाडी २०७६ साउन ३२ गते सप्तरीको कञ्चनरुपमा दुर्घटना हुँदा दिवंगत हुनुभएका तिलोत्तमा-३ निवासी पत्रकार डायलसन अधिकारीले पत्रकारिता क्षेत्रमा पुर्याउनुभएको योगदानलाई सधैं स्मरण गराइराख्न तिलोत्तमा नगरपालिकाले स्थापना गरेको पत्रकार डायलसन अधिकारी स्मृति पत्रकारिता पुरस्कार अक्षयकोषको व्याजबाट प्राप्त हुने रकमबाट हरेक वर्ष रुपन्देही जिल्लाका योग्य पत्रकारलाई पुरस्कृत गर्न वाञ्छनीय भएकोले,
तिलोत्तमा नगरपालिकाको केही कानून तर्जुमा सम्बन्धी ऐनको दफा (४) बमोजिम तिलोत्तमा नगरपालिका नगरकार्यपालिकाको मिति २०७७/०४/२१ गतेको बैठकले यो कार्यविधि पारित गरी लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

(१) यस कार्यविधिको नाम **"पत्रकार डायलसन अधिकारी स्मृति पत्रकारिता पुरस्कार छनौट तथा वितरण कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

(ख) **"कार्यविधि"** भन्नाले तिलोत्तमा नगरपालिकाबाट स्वीकृत यस कार्यविधिलाई सम्झनु पर्छ ।

(ग) **"अक्षयकोष"** भन्नाले तिलोत्तमा नगरपालिकाले पत्रकारिता पुरस्कारको लागि तोकिएको बैंक वा वित्तीय संस्थामा खाता खोली नियमित रुपमा व्याज प्राप्त गर्ने गरी राखेको रकम सम्झनु पर्छ ।

(घ) **"पुरस्कार"** भन्नाले अक्षयकोषबाट प्राप्त हुने ब्याज रकमबाट उपलब्ध गराइने प्रोत्साहन रकमलाई सम्झनुपर्छ र सो शब्दले सो रकमसँगै दिइने अन्य सामाग्री समेतलाई जनाउनेछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले तिलोत्तमा नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले यस कार्यविधि बमोजिकका गठित समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिका पदाधिकारी समेतलाई जनाउनेछ ।

(छ) **"मूल्यांकन समिति"** भन्नाले यसै कार्यविधि अनुसार गठन गरिएको मूल्यांकन समितिलाई सम्झनु पर्छ ।

(ज) **"विकासमूलक सामग्री"** भन्नाले तिलोत्तमा नगरपालिकाले गरेका, गर्न खोजेका आर्थिक, भौतिक तथा सामाजिक विकाससँग सम्बन्धित आमसञ्चार माध्यममा प्रकाशित/प्रसारित सबै प्रकारका श्रव्य/दृश्य तथा लेख्य सामाग्रीलाई सम्झनु पर्छ ।

(झ) **"पत्रकार महासंघ"** भन्नाले नेपाल पत्रकार महासंघ, रुपन्देहीलाई सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) **"लेखा अधिकृत"** भन्नाले तिलोत्तमा नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखलाई सम्झनु पर्छ ।

**३. अक्षयकोष स्थापना गर्नुपर्ने :**

(१) प्रचलित कानून अनुसार तिलोत्तमा नगरपालिकाले पत्रकार डायलसन अधिकारी स्मृति पत्रकारिता पुरस्कार वितरणलाई नियमित बनाउन कार्यपालिकाको निर्णय अनुसार तोकिएको रकम बैंक वा वित्तीय संस्थामा अक्षयकोष स्थापनाको लागि जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) अनुसार स्थापना गरिएको अक्षयकोषबाट आउने ब्याज रकमले पुरस्कार प्रदान गर्नुपर्नेछ । यसमा नगरपालिकाले आवश्यक ठानेको खण्डमा पुरस्कार रकम थप गर्न सक्नेछ । तर ब्याज रकमलाई अक्षयकोषमा गाभ्न पाइनेछैन ।

(३) अक्षयकोष सकेसम्म अधिक ब्याज प्राप्त हुने वाणिज्य तथा विकास बैंकमा राख्नु पर्नेछ । बैंक खातामा प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**४. पुस्कार मूल्यांकन, छनौट तथा वितरणमा सहकार्य** :

(१) पुरस्कार प्रदान गरिने व्यक्तिको मूल्यांकन, छनौट तथा वितरणमा नेपाल पत्रकार महासंघ, रुपन्देहीसँग सहकार्य हुनेछ । पुरस्कारका लागि योग्य व्यक्ति सिफारिस, छनौटका लागि देहायअनुसारको मूल्यांकन समिति गठन गरिनेछ :

(क) नगर प्रवक्ता - संयोजक

(ख) नेपाल पत्रकार महासंघ रुपन्देहीको कार्यसमिति बैठकको निर्णय अनुसार तोकिएको पत्रकारिताको विषयमा जानकार व्यक्ति एक जना - सदस्य

(ग) तिलोत्तमा मिडिया क्लवबाट एक जना पत्रकार - सदस्य

(घ) संचार क्षेत्रमा विज्ञ नगरपालिकाले तोकेको एक जना - सदस्य

(ङ) शिक्षा युवा तथा खेलकुद विकास शाखा - सदस्य सचिव

(२) पुरस्कारको लागि व्यक्ति छनौट गरी सिफारिस गरी पुरस्कार प्रदान गरेपछि समिति स्वतः भंग भएको मानिनेछ ।

**५. मूल्यांकन समितिको बैठक :**

(१) हरेक वर्ष योग्य पत्रकार छनौटका लागि उपदफा (१) बमोजिमको समिति नगरकार्यपालिकाले गठन गर्नेछ ।

(२) समितिको बैठकले एक जना योग्य व्यक्तिलाई पुरस्कार दिन नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**६. पुस्कारका लागि व्यक्ति छनौटका आधार :** पुरस्कारको लागि व्यक्ति छनौट गर्दा तपसिल अनुसारको सीमालाई पालना गर्नुपर्नेछ :

(क) रुपन्देही जिल्लामा रहेर सक्रिय पत्रकारिता गरेको ।

(ख) नेपाल पत्रकार महासंघ, रुपन्देहीको सदस्य रहेको ।

(ग) मूलतः विकास पत्रकारिता गरेको ।

**७. पुरस्कार छनौट तथा वितरण प्रक्रिया :**

(१) पुरस्कार छनौटको विधि तथा प्रक्रिया मूल्यांकन समितिको बैठकले तय गरेअनुसार हुनेछ ।

(२) पुरस्कार वितरण तिलोत्तमा नगरपालिकाको हिउँदे नगरसभाको अवसरमा हुनेछ ।

**८. खारेजी र बचाउ** : यसअघि कार्यालयले पत्रकारिता पुरस्कार दिने सम्बन्धी निर्णय प्रक्रिया यसै कार्यविधिको अधिनमा भए गरेको मानिने छ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७७/४/३०** **(माधव प्रसाद शर्मा)**

**प्रमुख प्रशासकीय अधिकृत**